'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : ४५ बुधवार २३ असोज, २०८१ 09 (Wednesday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## कोहलपुर उद्योग बाणिज्य संघको निर्वाचन

# बजारमा माइकिङबाट प्रचार, उम्मेद्वारहरु व्यक्तिगत प्रचारमा केन्द्रित

भीम रावत

कोहलपुर, असोज/२२



कोहलपुर उद्योग बाणिज्य संघको वर्तमान नेतृत्वको अदुरदर्शीताका कारण आफ्नो ब्यापार व्यवसायमा केन्द्रित हुने समयमा बपापारी उम्मेद्वारहरु चुनाव प्रचारमा ब्यस्त हुनु परेको छ । उम्मेद्वारका कुरा सुन्ने र आफ्ना कुरा उम्मेद्वारलाई सुनाउन व्यवसायीहरुलाई समय नै छैन । आफ्नो एउटा सामान बिक्री गर्न पनि कहिले काही व्यवसायीलाई ग्राहक सँग आफ्नो सामानको बारेमा सम्झाउन घण्टौंको समय लाग्छ। व्यवसायीहरुले दुई चार पैसा कमाउने भनेकै यही चाडवाडकै समयमा हो । तर यही समयमा संघको नेतृत्वले निर्वाचन गराउने निर्णय गरेर सबै व्यवसायीहरुहरुको पेशालाई नै नजरअन्दाज गरिदियो । यसैलाई भनिन्छ अदुरदर्शीता र कमजोर विवेकशीलता । अहिले संसदीय राजनीतिका दुई ठूला दल आवद्ध व्यावसायीहरु प्रगतिशील र लोकतान्त्रिक उपमा झुन्ड्याएर आ-आफ्ना समूह बनाई चुनावी प्रतिस्पर्धामा आमन्ने सामन्ने भैरहेका छन् । करिब १ हजार ६ सय मतदाता रहेको संघमा करिब आठ सय मतदाता त कोहलपुर वडा न. ११ मा नै रहेछन् । त्यसैले पनि सबै उम्मेद्वारहरुको लागि विशेष ध्यान वडा न. ११ नै रहेकोछ । दुवै समुहले आफूले जित्ने दावी गरेका छन् । दावीमा उनीहरुका आ-आफ्नै तर्क समेत छन् । कोही महिला भएको तर्क गर्छन् भने कोही संघमा तलदेखि नै निरन्तर काम गर्दै आएको अनुभवी भएको तर्क गर्छन् । अब निर्वाचन आउन दश दिन मात्र बाँकी रहँदा बजार क्षेत्रमा माकिङबाट प्रचार प्रसारलाई ब्यापक पारिएको छ भने उम्मेद्वारहरु व्यक्तिगत प्रचारमा नमूना मतपत्र सहित प्रस्तुत भैरहेका छन् । संघको यो चुनाव ब्यापारी र उम्मेद्वारहरुलाई भन्दा बढी राजनीतिक दलहरु र तीनका नेताहरुलाई लागेको झल्को आउने गरी प्रचारयुद्ध चलेका छन् । सामाजिक संजालहरु त्यस्तै क्रिया र प्रतिक्रियाहरुले भरिएका पाइन्छन् । प्रगतिशील समूहकी अध्यक्ष पदकी उम्मेद्वार अन्जना धितालले आफू र आफ्नो समूह जीतको धेरै नजिक भएको दावी गरिरहँदा उता लोकतान्त्रिक समूहका अध्यक्ष प्रखिप भट्टराईले आफू यो निर्वाचनमा जित्ने ढुक्क रहेको दावी गर्दछन् । भट्टराईले भने, 'यस पटकको चुनावमा विशेषगरी लोकतान्त्रिक समावेशी व्यवसायी समूहको सक्रिय प्रचारप्रसारले निकै चर्चा बटुलेको छ । लोकतान्त्रिक समावेशी व्यवसायी समूहले स्थानीय व्यवसायीहरूको हकहित र समावेशीकरणको उद्देश्यका साथ आफ्नो अभियानलाई अघि बढाइरहेको छ । सबै वर्गका व्यवसायीहरूको आवाजलाई सुनुवाइ गर्ने, समान अवसरको सुनिश्चितता गर्ने, र समृद्धि र विकासका लागि समुन्नत नीतिहरूको आवश्यकता रहेको छ।

बाँकी ३ पेजमा...












सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय


## नेपालमा सुझाव आयोग गठन प्रवृत्ति

नेपालमा खास गरी बहुदलीय प्रजातन्त्र स्थापना भए देखि नै सरकारलाई अलिकति केही अप्ठ्यारो लाग्यो वा कसैले अलि बढी बिरोध गरे भन्न छानबिन वा सुझाव आयोग गठन गरेर सरकारले ठूलै काम गरे जस्तो देखाउन प्रचलन नै भैसक्यो । तर त्यस्ता अधिकांश आयोगका सुझाव सहितका प्रतिवेदनहरु मन्त्रालय वा सम्बन्धित निकायहरु मै थन्किएर कुहिन्छन् । केही महिना अघि मात्र संसदमा ठूलै दोहोरी चल्यो सहकारी ठगीको विषयमा । संसदमा संसदका नियमित कामहरुलाई प्रभावित पार्ने गरी संसद समेत अवरुद्ध गरियो सहकारी ठगी सम्बन्धि छानबिन गर्न एक संसदीय समिति बनाउनु पर्ने माग गरेर । अनि सरकारले एक जना प्रतिनिधिसभाको सांसदलाई मन्त्री सतहको सेवा सुविधा दिने गरी सहकारी ठगी सम्बन्धि छानबिन गर्न समिति बनायो । त्यसले आफ्नो काम गरेको जस्तो गरेर प्रतिवेदन सरकारलाई बुझायो । त्यो समितिको कार्यक्षेत्र जे जे भए पनि त्यस्तो अन्तर्य चाही एक जना मान्छेलाई उठ्नै नसक्ने गरी कानूनी रुपमा डाम्ने नियत थियो र आज त्यो सार्वजनिक रुपमै छताछुल्ल भएको पनि छ । अहिले फेरि अस्ती सोमबारको मन्त्रीपरिषदको बैठकले देशको अर्थतन्त्रबारे सुझाव दिन उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गर्ने निर्णय गरेछ।

# चाडपर्वका सकस

**उद्धव सिलवाल**

अर्थतन्त्रको सरोकारवालादेखि अर्थतन्त्रसँग चासो राख्ने सबैले आर्थिक विकासको मुद्दालाई जोडतोडका साथ उठाउँदै आएका छन् । राजनीतिक दलका नेताले पनि धेरै वटा क्रान्तिपछि अब आर्थिक क्रान्तिको पालो भन्ने गरेका छन् । नेपालको आर्थिक विकासका लागि विभिन्न क्षेत्रमा लगानी गर्न आवश्यक स्रोतको अभाव रहेको भन्दै विदेशी लगानीका लागि पनि यथेष्ट प्रयास हुँदै आएको छ । प्रयास अनुसारको विदेशी लगानी भित्रिन सकेको छैन । अर्थतन्त्रमा सुधार भएको दाबी गरे पनि व्यवहारमा त्यस्तो देखिँदैन । बाह्य क्षेत्रमा सुधार देखिए पनि आन्तरिक अर्थतन्त्रले अझै गति लिएको छैन । बाह्य क्षेत्रतर्फ शोधनान्तर स्थिति, विदेशी मुद्राको सञ्चिति तथा विप्रेषण सकारात्मक दिशातर्फ गएको केन्द्रीय बैङ्कले सार्वजनिक गर्ने तथ्याङ्कले देखाए पनि खस्कँदो विश्व अर्थतन्त्र र परम्परागत आन्तरिक अर्थतन्त्रको समस्याका कारण समग्र अर्थतन्त्रमा दबाबको अवस्था कायमै छ । आन्तरिक उत्पादन तथा माग सिर्जना नभएका कारण जनताको जीवनस्तरमा सुधार आउन सकेको छैन । राजनीतिक रिले दौडका कारण आर्थिक क्षेत्रमा गम्भीर असर परेको छ । सोही कारण आर्थिक क्षेत्र राजनीतिक रिले दौडबाट पछि परेको हो । कौटिल्यको अर्थशास्त्रमा अर्थ आर्जनमा देखिएको असमानताका कारण विश्वका सबै देशमा कलह र अशान्तिले स्थान पाएको उल्लेख छ । कौटिल्यले भने जस्तै देश देशमा अशान्त स्थापना भई अर्थ आर्जनको मुख्य भूमिका रहे जस्तो घरपरिवारमा पनि यही अर्थ अभावका कारण जीवन गुजारामा दबाब सिर्जना भएको छ । यो भनेकै धनार्जनमा देखिएको असमानताले हो । हामीकहाँ थोरै मानिस सम्पन्न छन् । असंख्या नागरिक जीवन निर्वाहका साधारण साधनबाट समेत वञ्चित छन् । हामीकहाँ बैङ्क तथा वित्तीय संस्था छोटो अवधिका लागि केन्द्रित भएको देखिन्छ । कमसल धरौटीका कारण ऋण थुप्रिँदै जाने प्रवृत्तिले प्रश्रय पाइरहेको छ । सर्वसाधारणले बैङ्कमा धितोका रूपमा रहेको घरजग्गा उकास्न सक्ने अवस्थासमेत कम हुँदै गएको छ । अन्तर्राष्ट्रिय मन्दी, वातावरणीय सङ्कटले असमानताको विस्तार भइरहेको छ । जसले असन्तुष्टि र विद्रोहको स्वरलाई चर्को बनाउँदै लगिरहेको देखिन्छ । त्यसैले विश्व व्यवस्थामा आइरहेको फेरबदल, राष्ट्रिय राज्यको अन्तर्राष्ट्रिय मोह, आर्थिक तथा सामाजिक सङ्कट, क्षेत्रीय गठबन्धन तथा नयाँ शीतयुद्धलाई समेत ध्यानमा राखेर अर्थ रूपान्तरणका लागि राज्यको अर्थ राजनीतिक रणनीति तयार गरी अघि बढ्नुपर्ने अवस्था आइसकेको छ । अधिकांश मानिसको इच्छा सुख हो । सुख प्राप्त गर्ने साधन सम्पत्ति हो । सुखको चरित्र नै अस्थिरता र मानिसलाई एकपछि अर्को सुखको लालसा जगाउनु हो । सुख र सम्पत्तिको चाहना असीमित हुन्छ । सम्पत्तिबाट



उद्धव सिलवाल

सुखलाई सुरक्षित बनाउने सार्वजनिक अधिकारीको चाहनामा कहिले पनि पूर्णविराम लाग्दैन । शक्तिमा एकाधिकार भएका व्यक्तिलाई प्रभावित गरी फाइदा दोहन गर्ने क्षमता मुलुकमा हाबी भइरहेको छ । तृप्त नहुने सुखको इच्छा र सम्पत्ति प्राप्त गर्ने अवस्थाले शक्तिमा भएका व्यक्तिलाई सम्पत्ति जम्मा गर्न अभिप्रेरित गर्छ । जसले मुलुकमा कमाउ धन्दालाई थप प्रश्रय गरेको छ । यस्तो कमाउ धन्दाले पनि वस्तु तथा सेवाको मूल्य बढाउन सहयोग पुर्‍याइरहेको छ । अनौपचारिक रोजगारीमा फुटपाथको एउटा कुनामा तरकारी एवं खाद्य सामग्री बिक्री गरेर गुजारा चलउनेदेखि घर, कार्यालयमा सरसफाइ गर्ने व्यक्ति र निर्माण क्षेत्रमा कार्यरत मजदुर सबै पर्छन् । अनौपचारिक अर्थतन्त्रले सरकारी निकायमा दर्ता नभएका एवं कुल गार्हस्थ उत्पादनको गणनामा नपरेका असङ्गठित क्रियाकलापबाट आर्जित आम्दानीलाई बुझाउँछ । त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागले सार्वजनिक गरेको नेपालमा अनौपचारिक अर्थतन्त्रको आकार सम्बन्धी प्रतिवेदनमा अनौपचारिक क्षेत्रमा ६२.२ प्रतिशत जनशक्ति कार्यरत रहेको उल्लेख छ । सोही प्रतिवेदनले ४९.९ प्रतिशत निजी क्षेत्रका सङ्घ सङ्गठन दर्ता नभएको पनि उजागर गरेको छ । यस्तो अवस्थामा मानवीय जीवन रक्षाका लागि समाजको तल्लो वर्ग (बटम अफ दी पिरामिड) लाई राज्यले हेर्न सकेको देखिँदैन । यसको दुरगामी प्रभावबारे नेतृत्व तहले अझसम्म पनि ध्यान दिन सकेको छैन । यसले पनि मुलुकलाई अनौपचारिक क्षेत्रमा धकेल्ने कार्यमा सहयोग पुर्‍याएको देखिन्छ । त्यस्ता वर्गको जीवन रक्षा गर्ने वातावरण राज्यले सिर्जना गर्न सके मात्रै अनौपचारिक रोजगारीको क्षेत्रमा बाँच्न र बाँच्न पाउने वातावरण बन्न सक्ने थियो ।

*–गोरखापत्र*









# अस्वभाविक लेनदेनेको आरोपमा एक जना पक्राउ

नमस्ते समचारदाता
बाँके, असोज/२२

गत साउन १३ गते नेपालगंज उप-महानगरपालिका-१५ जमुना स्थितमा लागु औषध नियन्त्रण ब्युरो नेपालगंज शाखा र प्रहरी कार्यालय बाँकेको संयुक्त प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा सुर्खेत गुर्भाकोट नगरपालिका-६ बस्ने २९ वर्षको प्रकाश के.सीलाई पक्राउ गरिएको थिया। के.सी.ले चलाएको भे७ प ६६८९ नं. को मोटरसाईकल र तत्काल नामथर नखुलेको भारतीय नागरिकले चलाइ ल्याएको UP40L1499 नं.को मोटर साईकलमा आएका उनीहरु मोटर साइकल नरोकी भागेका थिए। पछि नेपाली नम्बर प्लेटको मोटर साईकलमा आएका प्रकाश के.सी.लाई पिछा गर्दै जाँदा समाई चेक जाँच गर्दा निजले मलद्वारमा लुकाई राखेको लागु औषध ब्राउन सुगर ८ ग्राम ५०० मि.ग्राम बरामद भएको थियो ती दुवै जनालाई पिछा गर्ने क्रममा नेपालगंज उप-महानगरपालिका -१० स्थित गणेशमान चोकमा फेला पारी पक्राउ गरिएको थियो। उनीहरुलाई साउन १४ गते नै मुद्धा दर्ता गरी अनुसन्धान भई रहेको थियो । नेपालगंज उप-महानगरपालिका-१५ बस्ने राजेन्द्र कुमार गुप्ताले दिपक श्रीवास्तवलाई सो मुद्दा मिलाई छुटाई दिन्छु भा.रु ती लाख सात हजार लिएको भनि लागु औषध मुद्दामा हिरासतमा रहेका प्रतिवादीका परिवारले जानकारी गराए पछि निज राजेश कुमार गुप्तालाई अनुसन्धानको लागि बाँके प्रहरीले पक्राउ गरेको थियो । प्रारम्भिक सोधपुछको क्रममा गुप्ताले आफुले उक्त रकम लिएको तर यही असोज २० गते १ लाख पचास हजार फिर्ता गरेको बाँके प्रहरीले जानकारी गराएको छ।

## बजारमा...

यस्तो अवस्थामा समूहले व्यवसायीहरूको विविधता र सामर्थ्यलाई पहिचान गर्दै नयाँ सोच र दृष्टिकोण ल्याउने लोकतान्त्रिक समावेशी व्यवसायी समूहको दृष्टिकोण छ' । लोकतान्त्रिक समावेशी व्यवसायी समूहले जनतासँग प्रत्यक्ष रुपमा मुद्दाहरू उठाउन विभिन्न कार्यक्रम र कार्यशालाहरू आयोजना गरेको छ । यसले स्थानीय उद्योग र व्यापारका विभिन्न वर्गका व्यवसायीहरुलाई समेट्ने, उनीहरूको अनुभव र चासोको आदानप्रदान गर्ने, र विकासका लागि सहकार्य गर्ने अवसर प्रदान गरेको छ । यस समूहका उम्मेदवारीहरुले उद्योग र बाणिज्यको क्षेत्रमा चलिरहेका समस्याहरूको पहिचान गर्दै समाधानका लागि योजनाहरू प्रस्तुत गरेका छन् । समूहको सक्रियता र प्रचारले व्यवसायी हरूको बीचमा जागरूकता र एकता सिर्जना गर्न महत्वपूर्ण भूमिका खेलेको छ। चुनावी प्रचार को क्रममा स्थानीय उद्योगका विभिन्न चुनौतीहरू र अवसरहरूको बारेमा गहन छलफल र व्यवसायी हरूलाई आफ्नो मुद्दाहरू उठाउन र सामूहिक रूपमा आवाज उठाउन प्रोत्साहित गरिरहेको छ। कोहलपुरको अर्थतन्त्र र उद्योगका लागि यो चुनाव महत्वपूर्ण छ । सही नेतृत्व चयन गर्दा, स्थानीय व्यवसायीहरूले आफ्नो व्यवसायिक गतिविधिहरूलाई सुदृढ पार्न र विकास गर्न नयाँ दिशा प्राप्त गर्नेछन्। यस चुनावले राजनीतिक प्रतिस्पर्धा मात्र होइन, आर्थिक समृद्धि र सामाजिक सशक्तीकरणको यात्रामा पनि ठूलो प्रभाव पार्ने अपेक्षा गरिएको छ । हालको निर्वाचन प्रक्रिया व्यवसायीहरूको लागि केवल एक अवसर होइन, यसले आगामी दिनमा सामना गर्नुपर्ने चुनौतीहरूलाई पनि उजागर गर्दछ । स्थानीय उद्योगहरूको प्रतिस्पर्धात्मकता, बजारको स्थिरता र आर्थिक नीतिहरूका विषयमा गहिरो अध्ययन र बहस आवश्यक छ । यसले व्यवसायीहरूको दिगो विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्नेछ । यो समूहबाट प्रदिप भट्टराई अध्यक्ष पदका उम्मेदवार हुन् भने उनको नेतृत्वमा चन्डी प्रसाद गैरे वरिष्ठ उपाध्यक्ष, हरिसरण केसी उद्योग उपाध्यक्ष, राकेश विष्ट वस्तुगत उपाध्यक्ष, दिपक बहादुर भण्डारी महासचिव, भूमिराज कडेल कोषाध्यक्ष, र उप-महासचिवको रूपमा राजन कुमार पौडेल, सह-कोषाध्यक्ष देविलाल सुनारले समावेशी प्यानलबाट चुनावी मैदानमा होमिएका छन् । लोकतान्त्रिक समावेशी प्यानलको सदस्यहरूमा अमृत पौडेल, नोखराज रावत, श्रीधर घिमिरे, किरण श्रेष्ठ, अशोक गौडेल, भुपबहादुर भण्डारी, किरण विक, गौरव श्रेष्ठ, र गिरीधारी शर्मा, मान बहादुर बुढाथोकी, राजेन्द्र प्रसाद रिजाल एशोसियट सदस्य रहेका छन् । महिला सदस्यको रूपमा शितल योगी अधिकारी र ममता थापा पनि चुनावि मैदानमा उत्रिएका छन् ।









# बाढी गएको एक सातापछि जब ड्रोन राहत बोकेर पुग्यो...

नमस्ते समचारदाता
काठमाडौं, असोज/२२



असोज १० देखि १३ गतेसम्मको अविरल वर्षासँगै आएको बाढी पहिराले काभ्रेपलान्चोक जिल्ला धेरै प्रभावित बन्यो । जिल्लाका विभिन्न पालिकाहरू बाढी पहिरोको चपेटामा परे । अहिले उक्त प्रभावित ठाउँहरूमा राहत वितरणका कामहरू धमाधम भइरहेको छ । राज्य सँगैसँगै विभिन्न संघसंस्थाहरुले राहत वितरण गरिरहँदा पनौती नगरपालिका वडा न.१२ को मगर गाउँमा भने अहिलेसम्म राहत पुग्न सकेन् । बाढी गएको एक हप्ता बितिसक्दा पनि राहतको पर्खाइमा थियो मगर गाउँ । तर यो एक हप्तामा न वडा अध्यक्ष पुगे न कुनै सङ्घसंस्था । यो अवधिमा गाउँमा अैचोपैचो गरेर खाएको बताउँछन् स्थानीय अष्टमान तमाङ । बाढी गएपछि वडा अध्यक्ष गाउँ टेक्न पनि नआएको तमाङको गुनासो छ । बाढीले तमाङको घर, गोठ लडायो, भएको पाखो बारी खोलाले बगायो । तमाङ भन्छन्, 'बाढी गएको यति दिन भयो वडा अध्यक्षले एक पटक पनि गाउँ टेक्नु भएका छैन । बाढीले मेरो घर, गोठ लड्यो । भएको पाखो बारी खोलाले बगायो । केही अन्न उठाउन नि पाइएन् । अब मागेर खाऊ की जोगी बनेर हिड्यौं' । ६१ वर्षीय तमाङको परिवारमा २० जना सदस्य छन् । तमाङको चार भाइ छोरा छन् । गाउँ आउने बाटो बगायो । खानेकुरा लिन जानलाई पनि बाटो छैन । यहाँसम्म कोही आउनु भएन । वडाले फर्केर हेरेन । अहिले राहत लिएर गएको हामी नेपालको टिम भगवान जसरी पुगेको उनी बताउँछन् । पनौती नगरपालिका र रोशी गाउँपालिकाको बिचमा छ मगर गाउँ । वडा कार्यालयबाट करिब एक घण्टा हिँडेपछि पुगिन्छ मगर गाउँ । तामाङ बस्ती रहेको गाउँमा करिब ८५ घरधुरी रहेका छन् । सोमबार हामी नेपाली संस्थाले ड्रोनको सहयोगमा राहत वितरण गरेको हो । हामी नेपाल संस्थाका कार्यक्रम निर्देशक अनिल बानिया मगर गाउँमा नै बसेर राहत वितरण गरिरहेका छन् । मुगु घर भएका अनिल अहिले मगर गाउँका बासिन्दाहरूको घाउमा मलम लगाउन व्यस्त छन् । हामी नेपालको अहिले दुई वटा टोली फिल्ड बेसमा बसेर काम गरिरहेको छ । एउटा टोलीले पनौती बजारभन्दा अलि तल रहेको क्रसर उद्योग छेउमा बसेर सामग्रीहरू ड्रोनमा लोड गर्छ, त्यसपछि ड्रोन उडाएर मगर गाउँ तर्फ पठाउँछ । मगर गाउँमा रहेका अनिल बानियाले स्थानीय केही युवाहरूलाई आफ्नो साथमा लिएर सामान अपलोड गर्छन् र वितरण गछन् । हामी नेपालले मगर गाउँमा मेडिकलका सामग्री, सेनेटरी प्याड, खाद्यान्नको सामग्रीहरू लगेर वितरण गरिरहेको छ ।












नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके